# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८०।०८१
चलानी नं.: ३६५८

मितिः २०८१।०१।२०

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्ध्मा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१ बैशाख १५ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

...........................
भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या: ४३

आज मिति २०८१ साल बैसाख १५ गते शनिबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका,नगर कार्यपालिकाको बैठकले तपसिस बमोजिम निर्णयहरू गरेको छ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | अनुपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | अनुपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासन सहायक | श्री यादव खनाल | उपस्थित |

## छलफलका विषयहरू:

१) चक्रज्योती माध्यमिक विद्यालय, बनेपा १३ मा प्राविधिक धारको कक्षा ९ मा कम्प्युटर ईन्जिनियरिङ विषय पठनपाठनको लागि अनुमति प्रदांन गर्ने सम्बन्धमा।

२) महालेखा परीक्षकको कार्यालयले दिएको आ.व. २०७९/०८० को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।

३) वडा नं. ७ को योजना संसोधन सम्बन्धमा।

४) नगर प्रमुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको खाजा खर्च भुक्तानी सम्बन्धमा।

५) वडा नं. ९ को जग्गा वर्गीकरण सम्बन्धी विषयलाई प्रदेशमा सिफारिस गर्ने सम्बन्धमा।

६) नेपाल घरेलु तथा साना उद्योग महासंघले सहकार्यका लागि पेश गरेको प्रस्ताव सम्बन्धमा।

७) बुडोल सपिङ कम्प्लेक्स प्रदेश श्रम रोजगार तथा यातायत मन्त्रालयलाई दिइएको सम्झौता अनुमोदन गर्ने सम्बन्धमा।

८) विविध।

## -:: निर्णयहरू ::-

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १ | गत बैठकको निर्णय समिक्षा सम्बन्धमा | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकमा भएको बैठकको कार्य प्रगति सम्बन्धमा समिक्षा गरियो। |
| २ | क) चक्रज्योति माध्यमिक विद्यालय, बनेपा-१३ मा प्राविधिक धारको कक्षा ९ मा कम्प्युटर ईन्जिनियरिङ विषय पठनपाठनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | श्री चक्रज्योति माध्यमिक विद्याल, बनेपा-१३ लाई शैक्षिक सत्र २०८१ देखि कक्षा ९ मा प्रविधिक धारको कम्प्युटर ईन्जिनियरिङ विषयको अध्यापन अनुमति प्रदान गर्ने निर्णय गरियो। |
| | ख) विद्यालय समायोजन सम्बन्धमा। | १) बनेपा नगरपालिका वडा नं. १३ को पत्रसाथ प्राप्त उक्त वडाको वडा शिक्षा समितिको मिति २०८१/०१/११ को निर्णयबाट सिफारिस भई आए बमोजिम बनेपा नगरपालिका वडा नं. १३ मा अवस्थित श्री चक्रज्योति माध्यमिक विद्यालयमा हाल संचालन भईरहेको माध्यमिक तहको साधारण धार तर्फको कक्षा ९ भर्ना बन्द गर्ने। साथै हाल शै.स. २०८१ मा कक्षा १० मा अध्ययनरत विद्यार्थीका हकमा चक्रज्योति मा.वि. ले नै आवश्यक व्यवस्था मिलाउने । |

<table>
<tr>
<td></td>
<td></td>
<td>

२) बनेपा नगरपालिका वडा नं. ६ को पत्रसाथ प्राप्त उक्त वडाको वडा शिक्षा समितिको मिति २०८१/०१/०४ को निर्णयबाट सिफारिस भई आए बमोजिम बनेपा नगरपालिका वडा नं. ६ स्थित श्री भक्तेश्वर मा.वि.मा श्री गोसाईकुण्ड आ.वि. समायोजन गर्ने र त्यसरी समायोजन भएको विद्यालयको चल अचल सम्पत्ति, दायित्व, विद्यालयमा अध्ययनरत विद्यार्थी तथा उक्त विद्यालयमा रहनु भएका प्रारम्भिक बाल विकास शिक्षक तथा कर्मचारी समेत हाल कायम भएको विद्यालयमा तपसिल बमोजिम समायोजन गर्ने निर्णय गरियो।

तपसिलः

<table>
<tr><th>क्र. सं.</th><th colspan="2">समायोजन हुने विद्यालयको नाम</th><th>समायोजन पश्चात कायम हुने विद्यालयको नाम</th></tr>
<tr><td>१</td><td>श्री गोसाईकुण्ड आ.वि. बनेपा-६</td><td>श्री भक्तेश्वर मा.वि., बनेपा-६</td><td>श्री भक्तेश्वर गोसाईकुण्ड मा.वि., बनेपा-६</td></tr>
</table>

</td>
</tr>
<tr>
<td>३</td>
<td>महालेखा परीक्षकको कार्यालयले दिएको आ.व. २०७९/०८० को प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।</td>
<td>यस नगरपालिकाको आ.व. २०७९/८० को अन्तिम लेखा परीक्षण श्री महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न भई प्राप्त भएको प्रारम्भिक प्रतिवेदनको व्यहोरा उपर छलफल हुँदा उक्त प्रतिवेदन अध्ययन गरी सुझाव पेश गर्नका लागि यस नगरपालिकाको लेखा समितिमा पठाउने निर्णय गरियो।</td>
</tr>
<tr>
<td>४</td>
<td>योजना संसोधन सम्बन्धमा।</td>
<td>

१) आ.व. २०८०/८१ मा स्वीकृत योजनाहरू संसोधनका लागि सम्बन्धित वडाको सिफारिस सहित पेस भएका तपसिल बमोजिमका योजनाहरू संसोधन गर्ने निर्णय गरियो।

<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>वडा नं</th><th>विनियोजित रकम</th><th>संसोधनपछिको योजना</th></tr>
<tr><td>१</td><td>उग्रेश्वर पार्क निर्माण</td><td>७</td><td>५,००,०००/</td><td>चण्डेश्वरी खोला (रिटेनिङ वाल निर्माण)</td></tr>
<tr><td>२</td><td>नयाँ बस्ती खुट्किला निर्माण</td><td>१२</td><td>२,००,०००/</td><td>माथिल्लो कार्कीगाउँ वाल निर्माण</td></tr>
</table>

</td>
</tr>
</table>

प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३ | धनेश्वर सामुदायिक वन, बनेपा-१३ | ११ | २,००,०००/ | धनेश्वर सामुदायिक वन, बनेपा-११ |
| | | ४ | तल्लो काक्राबारी खानेपानी स्तरउन्नती | १४ | २,००,०००/ | चखेल डाँडा ह्यामजाङ खानेपानी योजना |

| | | |
|---|---|---|
| ५ | नगर प्रमुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको खाजा खर्च भुक्तानी सम्बन्धमा। | नगर प्रमुख स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत फिल्डमा खटिने कर्मचारीहरूलाई खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा मिति २०८०/०५/०६ को कार्यपालिका बैठकबाट भएको निर्णय समिक्षा हुँदा उक्त बैठकबाट भएको निर्णय बमोजिमको रकम रू. १२००/- बाट फिल्डमा खटिएका सबै कर्मचारीहरूलाई बराबर उपलब्ध गराउने निर्णय गरियो। |
| ६ | बुडोल सपिङ कम्प्लेक्स प्रदेश श्रम रोजगार तथा यातायत मन्त्रालयलाई दिइएको सम्झौता अनुमोदन गर्ने सम्बन्धमा। | काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं ६ मा अरनिको राजमार्गसँगै नगरपालिकाको स्वामित्वमा रहेको बुडोल सपिङ कम्प्लेक्सको माथिको दुई तला नगरपालिकाले बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयलाई यातायात व्यवस्था कार्यालय स्थापना गर्न निःशूल्क १० वर्ष उपलब्ध गराउने गरी मन्त्रालय र नगरपालिकावीच मिति २०८१ साल बैसाख ७ गते भएको सम्झौता र सोही कम्प्लेक्सको पश्चिमतर्फ रहेको श्री शंकर बहादुर के.सी.का नाममा रहेको खाली जग्गा नगरपालिकाले बहालमा लिने गरी मिति २०८१/०१/१३ मा सम्पन्न भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो। |
| ७ | आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | बनेपा नगरपालिका आर्थिक विकास समितिको मिति २०८१ बैसाख १२ गतेका दिन बसेको बैठकले गरेका तपसिल बमोजिमका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।<br>१. बनेपा नगरपालिका कृषि विकास शाखामा बनेपा नगरपालिकाका कृषकहरुबाट ५० प्रतिसत लागत सहभागीतामा जम्मा २९५ वटा मिनि टिलर माग भएको र कृषि विकास साखाको आ.ब २०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि औजार (मिनि टिलर) मा रु ७,००,०००। बजेट रहेको र थप मागलाई पुर्ति गर्न आर्थिक समितिको निर्णय अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको आलु पकेट कार्यक्रम निरन्तरता अन्तर्गत शर्सत तर्फको प्राप्त रु ६,००,०००। गरी जम्मा रु १३,००,०००। (तेह्र लाख) मिनि टिलर खरिदका लागि बजेट छुट्याई नियमानूसार विद्युतीय खरिद प्रकृया अनुसार बि.डि.एस. नेपालसंग रु. २१,२२,६३१।५५ (एक्काईस लाख बाईस हजार छ सय एकतीस रुपैया पचपन्न पैसा) को सम्झौता भएकोमा तोकिएको शर्त सम्झौता अनुसार बि.डि.एस नेपालबाट प्रति थान २८८९९। का दरले जम्मा ६५ वटा मिनि टिलर खरिद गरी ५० प्रतिसत लागत सहभागीतामा सम्बन्धित कृषकलाई वितरण कार्य गरेको र विल भुक्तानी माग गर्दा १३ प्रतिसत भ्याट नजोडि भुक्तानी भएको हुँदा हाल उक्त शिर्षकमा रु ३६००००। रकम मौज्दात रहेको र कृषकको ५० प्रतिसत लागत सहभागीता रकम रु ३६००००। गरी जम्मा रु |

| | | |
|---|---|---|
| | | ७२००००। (सात लाख वीस हजार) रकम हुन आउने भएकोले उक्त रकमले यस अघि कै मुल्य, शर्त र सम्झौता अनुसार २४ वटा मिनि टिलर वि.डि.एस नेपालबाट नै खरिद गरी माग भए अनुसारका कृषकलाई ५० प्रतिसत लागत सहभागीतामा वितरण गर्न भएको सिफारिस अनुमोदन गर्ने।<br>२. बनेपा नगरपालिका वडा नं ८ लायकुमा प्रत्येक शुक्रबार संचालन भईरहेको स्थानीय हाट बजारका लागि अर्को ब्यवस्था नहुँदासम्मका लागि भाडामा लिएका टेवुलको सम्बन्धित ब्यक्तिले भाडामा दिए वापतको माग गरेको भुक्तानी विललाई अनुमोदन गर्ने र भुक्तानीका लागि भएको सिफारिस अनुमोदन गर्ने।<br>३. बनेपा नगरपालिका वडा नं ८ लायकुमा प्रत्येक शुक्रबारका दिन संचालन भईरहेको हाट बजार समुदघाटन समारोह र हाटबजार संचालनका लागि तयार गरिएको प्रचार प्रचार सामग्री माईकिङ्ग लगायतका अन्य बिल अनुसारका खर्च (खाजा, पानी, ब्यानर, जिङ्गल तयारी, आमन्त्रीत भत्ता) भुक्तानिका लागि भएको सिफारिस अनुमोदन गर्ने।. |

प्रमुख प्रशासकीय अधिकृत